उन्नाईसौं गाउँसभामा गाउँपालिका उपाध्यक्ष **श्री सिता थापाद्वारा** प्रस्तुत

# आँधीखोला गाउँपालिकाको

# आर्थिक वर्ष २०८३/०८४ को बजेट बक्तव्य

*आँधीखोला गाउँपालिका*

*गाउँ कार्यपालिकाको कार्यालय*

*कृषि, स्याङ्जा*

**मिति: २०८३ असार ८ गते सोमबार**

***"कृषि, पर्यटन समुन्नत आँधीखोला गाउँपालिकाको आधार; सेवा, विकास, सुशासन र समृद्धि हाम्रो कार्यभार"***

# आँधीखोला गाउँपालिकाको उन्नाईसौं गाउँसभा

# आ.व. २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रमको बक्तव्य

**गरीमामय उन्नाईसौं गाँउ सभाका सभाध्यक्ष महोदय,**

सभा सचिवज्यू, सभा सदस्य ज्यूहरू, कर्मचारी मित्रहरू, सम्पूर्ण आँधीखोलावासी आदरणीय बुवा आमा, दाजुभाई तथा दिदीबहिनी, साथै प्रत्यक्ष प्रसारण मार्फत आर्थिक वर्ष २०८३/०८४ प्रस्तावित आय व्यय विवरण सुनिरहनु र हेरिरहनु भएका सम्पूर्ण आदरणीय महानुभावहरू,

नेपाली जनताको आम सहभागिता, उच्च वलिदान, ऐतिहासिक संयुक्त जन आन्दोलनबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान, २०७२ ले स्थापित गरेका तीन तहको सरकार मध्ये संघीय र प्रदेश सरकारले आफ्नो वार्षिक नीति तथा कार्ययम सहित वार्षिक आय व्यय विवरण बजेट प्रस्तुत गरीसकेको सन्दर्भमा, आँधीखोला गाउँपालिकाको आ.व. २०८३/०८४ को लागि नीति तथा कार्यक्रम सभा अध्यक्ष ज्यू मार्फत सभामा पेश भई सर्वसम्मत रूपमा पारित भईसकेको छ। उन्नाईसौं गाउँ सभाको मिति २०८३ साल असार ५ गतेको पहिलो बैठकबाट पारित नीति तथा कार्यक्रममा आधारित रहेर सभाको दोश्रो बैठक समक्ष आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि अनुमानित आय व्यय विवरण बजेट प्रस्तुत गर्न उपस्थित भएको छु।

सर्वप्रथम,

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको प्रचलित कानुनको दायरामा रहि उन्नाईसौं सभाको प्रथम बैठकबाट पारित नीति तथा कार्यक्रमको जगमा उभिएर समाजका प्रवुद्ध व्यक्तिहरू, समाजसेवी, राजनितिक दल, सामाजिक व्यक्तिहरू सरकारी तथा गैर सरकारी संघ संस्था शिक्षक, कर्मचारी, पत्रकार, युवा, महिला, जनजाति उत्पीडित समुदाय समेतबाट प्रत्यक्ष भेटघाट अन्तरक्रिया साथै सामाजिक संजाल फेसबुक, भाईबर, म्यासेन्जर, ह्वाट्सअप, इमेल जस्ता माध्यमबाट प्राप्त सुझावलाई समेत आत्मसात गर्दै आ.व २०८३/०८४ को लागि प्रस्तावित बजेट समावेशिताको सिद्धान्त र पालिकाको सामर्थ्यतामा आधारित भई तयार गरिएको व्यहोरा अवगत गराउन चाहन्छु।

सम्मानित सभाका सभाध्यक्ष महोदय तथा सभा सदस्य ज्यूहरू,

सीमित साधन, श्रोत र बजेटको परिधिभित्रबाट असीमित ईच्छा, आकाङ्क्षा र योजनालाई समेट्दै दिगो, प्रभावकारी र लाभदायी योजना कार्यान्वयनमार्फत आम आँधीखोलावासी समुदायलाई सार्थक समृद्धिको प्रत्याभूति दिन हामी प्रतिबद्ध छौं।

आगामी आर्थिक वर्ष २०८३।०८४ को बजेट तर्जुमा गर्दा गाउँपालिकाको विकासको आवश्यकता, दीर्घकालीन विकासका लक्ष्य, संविधानको अनुसूचीमा स्थानीय तहलाई प्राप्त अधिकारको सीमारेखा भित्र रही सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको अवधारणा अनुरूप गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम, आँधीखोला गाउँपालिकाको दोस्रो आवधिक योजना, राष्ट्रिय योजना आयोगबाट प्राप्त मार्गदर्शन, विषयगत समितिको बैठक, राजनीतिक दल, विद्धत वर्ग, नागरीक समाज, आम नागरीक, निजी क्षेत्र लगायत अन्य सरोकारवालासँग प्रत्यक्ष अप्रत्यक्ष छलफल र अन्तरक्रिया गरी प्राप्त सुझावलाई आधार लिएको पनि स्मरण गर्न चाहन्छु।

स्थानीय स्रोत र साधनको उच्चतम उपयोग गर्दै गाउँपालिकाको चौतर्फी विकासका लागि गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरेको आर्थिक वर्ष २०८३/०८४ मा अवलम्बन गरीने नीति तथा कार्यक्रमको आधारमा बजेट तय गर्दा संघीय एवं प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण, सशर्त अनुदान, राजस्व बाडफाड एवं आन्तरिक श्रोत समेतलाई मुख्य आधार बनाइएको छ।

***सभाध्यक्ष ज्यू,***

अब, म गत आ.व. २०८१/०८२ को आम्दानी र खर्चको वास्तविक आय-व्यय विवरण प्रस्तुत गर्न चाहन्छु।

***आय तर्फ***

संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान, सशर्त अनुदान चालू तथा पूँजीगत, विशेष अनुदान र समपुरक अनुदान गरी जम्मा रू. ३५ करोड २९ लाख १४ हजार, राजश्व बाडफाडँ तर्फ संघ तर्फ रू. ६ करोड ४९ लाख ७० हजार, प्रदेश राजश्व बाँडफाँड तर्फ रू. ३६ लाख ४६ हजार, गत आ.व. को जिम्मेवारी सहित आन्तरिक आय लगायत अन्य विविध क्षेत्रको आम्दानी रू. २ करोड ४७ लाख ९४ हजार गरी जम्मा कुल आय रू. **४४ करोड ६३ लाख २४ हजार** हुन गएको देखिन्छ।

***व्यय तर्फः***

चालु खर्च तर्फ रू. २९ करोड २४ लाख ८ हजार, पूँजीगत खर्च तर्फ रू. १४ करोड ९१ लाख १६ हजार गरी जम्मा **कुल खर्च रू. ४४ करोड १५ लाख २५ हजार** खर्च हुन गई बाँकी रकम अ.ल्या. भई आएको देखिन्छ।

***अब, म चालू आ.व. २०८२/०८३ को प्रस्तावित एवं संसोधित आय व्ययको विवरण प्रस्तुत गर्न चाहन्छु।***

चालू आ.व. २०८२/०८३ को सम्पूर्ण कारोबार सकिन अझै केही समय बाँकी रहेकोले संशोधित आय व्यय अनुमान तथा हाल सम्मको यथार्थ विवरण प्रस्तुत गर्न चाहन्छु।

*चालू आ.व. २०८२/०८३ को प्रस्तावित एवं संसोधित आय अनुमानः*

आर्थिक वर्ष २०८१/०८२ को नगद मौज्दात, आन्तरिक आयतर्फ कर, दस्तुर, सेवा, शुल्क, महसुल, राजश्व वाँडफाँड समेत गरी जम्मा रू. १० करोड ७७ लाख २२ हजार, नगद सहभागितामा ४० लाख हुने अनुमान गरिएको थियो। त्यस्तै संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान बापत रू. ८ करोड १७ लाख, संघीय सरकारको राजस्व बाँडफाडबाट रू. ६ करोड ८३ लाख ८६ हजार, सशर्त अनुदान चालू तर्फ रू. २१ करोड ५४ लाख, सशर्त अनुदान पूँजीगत तर्फ रू. ६० लाख, संघीय सरकार समपूरक अनुदान पूँजीगत रू. ८६ लाख, संघीय सरकार विशेष अनुदान पूँजीगत रू. ९६ लाख, संघीय सरकार विशेष अनुदान चालू रू. १ करोड ६५ लाख, गण्डकी प्रदेश सरकारको वित्तीय समानीकरण अनुदान रू. १ करोड १ लाख ३४ हजार, गण्डकी प्रदेश सरकारको राजस्व बाँडफाँट रू. ७२ लाख ८३ हजार, प्रदेश समपूरक अनुदानबाट रू. ६० लाख, प्रदेश सरकार विशेष अनुदान चालू रू. ४० लाख, स्थानीय राजश्व बाँडफाँड १४ लाख ६० हजार गरी रू. **कुल ५४ करोड ६७ लाख ८६ हजार** हुने अनुमान रहेकोमा,

संसोधित आय तर्फः

यस आ.व. २०८१/०८२ मा जिम्मेवारी हस्तान्तरण भई आएको अ.ल्या. रकम, **आन्तरिक आयतर्फ** कर, दस्तुर, सेवा, शुल्क, महसुल, राजश्व वाँडफाँड नगद सहभागिता समेत गरी जम्मा रू. १ करोड ५८ लाख ७६ हजार, संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान बापत रू. ५ करोड ७५ लाख ४१ हजार, संघीय सरकारको राजस्व बाँडफाडबाट रू. ५ करोड ८६ लाख ७० हजार, सशर्त अनुदान चालू तर्फ रू. २१ करोड १३ लाख ५ हजार, पूँजीगततर्फ ६० लाख, संघीय सरकार समपूरक अनुदान रू. २७ लाख ६७ हजार, गण्डकी प्रदेश सरकारको राजस्व बाँडफाँट रू. ५४ लाख १९ हजार, दहत्तर बहत्तरबाट प्राप्त हुने आय १४ लाख ६० हजार, गण्डकी प्रदेश सरकारको समानीकरण अनुदान बापत रू. ७१ लाख ३७ हजार, प्रदेश समपूरक अनुदानबाट रू. ३० लाख, प्रदेश सरकार विशेष अनुदान चालू रू. २० लाख गरी कुल **रू.. ३७ करोड ११ लाख ७८ हजार** संसोधित आय अनुमान प्रस्तुत गर्दछु।

*हालसम्म प्रस्तावित आय अनुमानका विभिन्न शिर्षकबाट रू.. ३७ करोड ११ लाख ७८ हजार वास्तविक आम्दानी हुन गएकोमा खर्च तर्फ चालू शिर्षकमा कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च र आर्थिक*

*सामाजिक, सांस्कृतिक, शैक्षिक, सामाजिक न्याय तथा समावेशिकरण र सुशासन तर्फ (सशर्त समेत) को कुल बजेट मध्ये हाल सम्मको खर्च रू. २४ करोड ८३ लाख १७ हजार (७०.५५ प्रतिशत) र पूँजीगत तर्फ रू. ७ करोड ४७ लाख ७२ हजार (३८.३८ प्रतिशत) रहेको छ।*

*नेपाल सरकारले लिएको नीति र तोकेको दरमा गत विगत वर्षदेखि नै दिँईदै आएको सामाजिक सुरक्षा भत्ता तर्फ शंसोधित आय अनुमान रू. ११ करोड ८० लाख ८२ हजार रहेको छ।*

चालू आ.व मा संघीय सरकारवाट प्राप्त हुने समानीकरण अनुदान तर्फको रकम मध्ये ९१.४५ प्रतिशत रकम र राजश्व बाँडफाँड तर्फको रकम समेत सीमा भन्दा कम प्राप्त भई गाउँपालिकामा आ.व २०८३/०८४ मा थप आर्थिक दायित्व सृजना हुने देखिएको छ।

**आदरणीय सभाध्यक्ष महोदय,**

**सभा सदस्यहरू,**

उल्लेखित खर्चवाट चालू आ.व २०८२/०८३ मा हालसम्म प्राप्त प्रमुख उपलब्धिलाई देहाय बमोजिम प्रस्तुत गरेको छु।

- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले गरेको मुल्याङ्कन र स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) मा उच्चतम अंक प्राप्त गर्न सफल भएको
- संगठन र ब्यवस्थापन सर्भेक्षण (O and M ) प्रतिवेदन वमोजिम १७ जना कर्मचारीको गण्डकी प्रदेश कितावखानामा पद दर्ताको काम सम्पन्न भएको
- भौतिक निर्माण तर्फ ७९.३२ प्रतिशत र वित्तीय तर्फ ५९.०८ प्रतिशत प्रगति रहेको
- चालु आ.व.को जेठ मसान्तसम्म रू. १ करोड ५६ लाख ३४ हजार ५९२ सय ३१ पैसा राजश्व प्राप्त भई वार्षिक लक्ष्यमा थप ३४.९६ प्रतिशत राजश्व संकलन भएको
- एक स्थानीय तह एक आधारभूत अस्पतालको अवधारणा बमोजिम सञ्चालित आँधीखोला आधारभुत अस्पतालमा २४ सै घण्टा सेवा उपलब्ध गराउन चिकित्सकको प्रवन्ध गरी विशेषज्ञ सेवा उपलब्ध गराईएको
- पालिकाको सौन्दर्यिकरणलाई अभिवृद्धि गर्न फोहोर व्यवस्थापन आँधीखोला -५ मा फोहोरमैला संकलन केन्द्र स्थापना गरिएको फोहोरलाई घर घरबाटै स्रोत मै वर्गीकरण गरी कुहिने फोहोरलाई समुदाय स्तरमै व्यवस्थापन र नकुहिने तथा सिसाजन्य वस्तुको संकलन पश्चात सुक्ष्म वर्गीकरण गरी पुनः प्रयोग योग्य बस्तुह बिक्री गर्ने कार्यको शुरूवात गरिएको

- सडक संजाल तर्फ १.७७ किमि निर्माण भई १३.९७ कि.मि. र अन्य निकायबाट ३६ कि मि थप भई कुल ४९.९७ कि मि सडक कालोपत्रे भएको, ढलानबाटो तर्फ ०.५ कि.मी थप भई ४.२ कि.मि. भएको। ग्राभेल सडक तर्फ ०.३ कि. मि थप भई १६.६९ कि मि र नयाँ ट्र्याक १ कि.मी. थप भई कुल २१.५ कि मि. निर्माण भएको
- पालिकाको गौरवको योजना अन्तर्गत रहेको सेपत भर्स्याङ देउराली सडक निर्माणको कार्य सम्पन्न गरी पालिकाकेन्द्र देखि वडा केन्द्र सम्म पक्की वाटोको पहुँच पुगेको
- पोखरा महानगरपालिकासँगको लागत साझेदारीमा वडा नं. ४ अन्तर्गत वाङसिङ–देउराली–पञ्चासे भञ्ज्याङ सडक स्तरोन्नति कार्य उल्लेखनीय रुपमा प्रगति भई सम्पन्नको चरणमा रहेको
- वडा नं. ५ को आइतेखोला–स्यानीबराये सडक तथा रंगेठाँटी–बास्कोट सडक निर्माण कार्य अन्तिम चरणमा रहेको
- जनप्रदिप माध्यमिक विद्यालयमा आवासीय छात्रावास भवन निर्माण कार्य सम्पन्न भई सञ्चालनका लागि हस्तान्तरण गरिएको
- भु- उपयोग योजना लागू गरी जग्गाको वर्गीकरणको काम सम्पन्न भएको
- झोलुङ्गेपुल तर्फ ओहियाघाट झोपु तथा सम्धीखोला ट्रस पुलको निर्माण सम्पन्न भएको
- एक घर एक धारा कार्यक्रम अन्तर्गत ४ वटा रिजर्वभ्वायर ट्याङ्की, ७ वटा ईन्टेक सहित ३.७९ कि.मी पाईपलाईन बिस्तार भएको
- कृषकको मागमा आधारित विभिन्न नापका २८.२८ कि.मी. पोलिथिन पाईप र १५१९ वर्ग मि. ग्याविन तारजाली वितरण गरिएको
- कृषि उत्पादन बढाउन पालिका र साझेदार निकायवाट १.८१ कि.मी. सिंचाई कुलो निर्माण भई थप ४१७ रोपनी जमिनमा सिंचाई सुविधा पुगेको
- बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत पालिका स्तरीय अभिमुखिकरण कार्यक्रम तथा पोषणमैत्री सर्वोत्तम पिठो बनाउने कार्य शुरुवात गरिएको
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धि तथा सुदृढीकरण (अध्यक्षसँग शैक्षिक सुधार) कार्यक्रम अन्तर्गत १२ वटा विद्यालयमा ROOM TO READ सँगको साझेदारीमा प्रारम्भिक तह पठन सिप विकास कार्यक्रम सञ्चालन गरिएको
- कक्षा १ देखि ५ सम्मका विद्यार्थीलाई अंग्रेजी माध्यमका पाठ्यपुस्तक निःशुल्क वितरण गरिएको
- कक्षा १ देखि कक्षा ८ सम्मको स्थानीय पाठ्यक्रम हाम्रो आँधीखोला लागू गरी कक्षा १ देखि कक्षा ५ सम्मको पाठ्यपुस्तक तयार गरी उपलब्ध गराईएको
- इसीडी देखि कक्षा ३ सम्मका विद्यार्थीको लागि अपाङ्गता पहिचान कार्यक्रम, मा. वि. तह ९-१२, आधारभूत तह ६-८ र आधारभूत तह १-५ का विद्यार्थीलाई लक्षित गरी हाजिरीजवाफ प्रतियोगिता सम्पन्न गरिएको
- विद्यालयको शैक्षिक गुणस्तर सुदृढीकरण कार्यक्रम अन्तर्गत माध्यमिक तहका ३ वटा विद्यालयको लागि ICT तथा पुस्तकालय सञ्चालनमा ल्याइएको

- एकीकृत शैक्षिक व्यवस्थापन सुचना प्रणाली (IEMIS) को प्रयोग गरी आधारभूत तह कक्षा ५ र ८ को परीक्षा सञ्चालन तथा व्यवस्थापन गरिएको
- खेलकुद विकासको लागि विद्यालयको सहभागितामा राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता सम्पन्न भएको
- ६ वटै वडामा माटो तथा वाली उपचार शिविर संचालन गरी ३६३ जना किसानको खाद्यान्न तरकारी तथा फलफूलको नमुना जाँच गरी भिटामिन तथा जैविक बिषादी वितरण गरिएको
- कृषकको मागमा आधारित रही वडा नं ४ बाङसिङमा कालो हलेदोको व्यवसायिक उत्पादन गर्न मूल वीउ वितरण गरिएको
- मध्यपहाडी मकै बाली प्रबर्धन कार्यक्रम अन्तर्गत कृषक तथा कृषक समूहको लागत साझेदारीमा उन्नत जातको बीउ उत्पादन प्लट स्थापना गरिएको, ८०० के.जी गहुँ र २१०० के.जी. विभिन्न जातका मकैको विउ वितरण गरिएको
- सुन्तला र कागतीको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने उद्देश्यले सुन्तला र कागतीका ११४०० बिरुवा वितरण गरिएको।५० प्रतिशत अनुदानमा ३९२ जनालाई निलो तुथो, सिकेचर, आरी, भर्याङ्ग, डिजिटल तराजु, क्यारेट, लुज पाईप, लगायतका कृषि सामग्री वितरण गरिएको
- गाउँपालिका र पश्चिमाञ्चाल कोल्ड स्टोर पोखरामा गरी करीब १८००० के.जी आलु बिउ भण्डारण को व्यवस्था मिलाइएको
- गाउँपालिका परिसरमा रहेको नर्सरीबाट अगौटे, मध्यम र पछौटे जातका बन्दा, काउली र ब्रो-काउलीका ८००० बिरू.वा र बर्खे लहरे बालिहरू. जस्तैः काँक्रा, करेला, घिरौंला र लौका गरी १२००० बिरूवा वितरण गरिएको
- परम्परागत कृषि प्रविधिलाई आधुनिकीकरण गर्दै लागत घटाउन तथा उत्पादन बढाउन ५० प्रतिशत लागत अनुदानमा ३९ गोटा हाते टयाक्टर (मिनिटेलर हलो), ५१ वटा टनेल प्लास्टिक र २७ वटा गोला सहित मौरीघार वितरण गरिएको छ।
- मासुमा आत्मनिर्भर बनाउन कृषकको सहलगानीमा बाख्रा पकेट विकास कार्यक्रम अन्तर्गत वोयर जातका बोका वितरण गरिएको
- वास्तविक कृषक पहिचान एवं व्यवस्थापनका लागि कृषि तथा पशुपंक्षी तथ्याङ्क एवं प्रोफाईल अद्यावधिक गरिएको
- कृषकको घर दैलोमा पुगी कृतिम गर्भाधान, निःशुल्क पशु स्वास्थ्य शिविर, नियमित उपचार तथा परामर्श सेवा अन्तर्गत १३६७ जना कृषक लाभान्वित भएका
- पशुमा लाग्ने सरूवा माहामारीजन्य रोग विरू.द्व खोप संचालन गरी विभिन्न प्रजातिमा ४७५३ डोज खोप लगाई पशुमा पुर्ण खोप कार्यक्रम सञ्चालन गरिएको
- कृषकको सहलगानीमा भकारो सुधार, हिउँदे तथा डाले घाँसको विउ वेर्ना वितरण, उन्नत जातका भैसीं खरिद तथा गोठ निर्माण/मर्मत गरी गाई भैसीं श्रोत केन्द्र कार्यक्रम संचालन गरिएको
- गुणस्तर तथा खाद्य सुरक्षा सुनिश्चित गर्न मासु पसल सुधार गरी मिट माट सुढुढीकरण कार्यक्रम सम्पन्न गरिएको

- जनताको घर दैलोमा सेवा प्रवाह पुर्याउन घुम्ती शिविर मार्फत सेवा प्रवाह, उपचारात्मक प्रकृतिका स्वास्थ्य शिविर, नागरिक प्रतिको उत्तरदायित्व प्रबर्द्धनका लागि सार्वजनिक सुनुवाई, वडा कार्यालय र स्वास्थ्य संस्थाको अनुगमन, सामाजिक परिक्षण लगायतका कार्यक्रम संचालन गरिएको, जनप्रतिनिधि, कर्मचारी, उपभोक्ता समिति, टोल विकास सस्थाका पदाधिकारीको क्षमता विकासका लागि विभिन्न तालिम तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको
- श्रवण कुमार जेष्ठ नागरिक गाउँघर स्वास्थ्य केन्द्र बाट प्रत्येक महिना जो स्वास्थ्य संस्थामा गइ स्वास्थ्य सेवा लिन नसक्ने जेष्ठ नागरिक लक्षित ३६ वटा केन्द्र मार्फत ५३५७ महिला र ३९०८ पुरू.ष गरी जम्मा नयाँ पुराना ९२६५ जनालाई आधारभुत स्वास्थ्य सेवा प्रदान गरिएको
- गर्भवति महिला तथा बाल स्वास्थ्यको लागी प्रोटोकल अनुसार नियमित गर्भजाँच गर्ने ७० जना गर्भवतिलाई ४२० केरेट अण्डा तथा क्याल्सियम चक्कि उपलब्ध गराईएको
- स्वास्थ्य संस्थाको आधारभूत स्वास्थ्य सेवा प्रवाहको लागि औषधी, भ्याक्सिन लगायतका सामग्रीको अटुट उपलब्धतालाई समयमै चरणवद्ध रूपमा व्यवस्थापन गरिएको
- वडा नं. ५ थुम्का डाँडामा रहेको जिर्ण सेतिदोभान स्वास्थ्य चौकीलाई स्थान्तरण गरि साविकको गाउँपालिकाको कार्यालय रहेको भवन कृषिमा स्थानन्तरण गरि सेवा प्रवाहलाई नियमित गरिएको
- परिवार नियोजन, स्तनपान सप्ताह, आयोडिन महिना, उच्च रक्तचाप, आत्महत्या न्युनिकरण, महिनावारी स्वाच्छता, HIV/AIDS जस्ता दिवस मनाउने साथै विद्यालयको समन्वयमा पोषण, प्रजनन स्वास्थ्य, नाक, कान, घाँटी, सर्ने नसर्ने रोग लगायत सरसफाई सम्बन्धि विद्यालय शिक्षा कार्यक्रम सञ्चालन गरिएको
- राष्ट्रिय भिटामिन ए तथा जुकाको औषधी ५ वर्ष मुनिका १२९० जना वालवालिका र विद्यालय अध्ययनरत छात्र छात्रा ४३६८ जनालाई दुई चरणमा गरि आम वितरण अभियान सम्पन्न गरिएको
- JANTRA नेपालको सहयोगमा आँधीखोला आधारभूत अस्पतालमा AI Portable X-Ray मार्फत क्षयरोग खोजपड्ताल शिविर सञ्चालन गरी ४२८ जना सेवाग्राहिको परिक्षण गरिएको
- पालिका र नेलम्बो नेपालको आयोजनामा वडा नं १ पञ्चमुलको प्राथमिक स्वास्थ्य केन्द्रमा निःशुल्क दन्त शिविर सञ्चालन गरी ५८० लाभग्राहीलाई सेवा उपलब्ध गराईएको र आँधीखोला आधारभूत अस्पतालमा निःशुल्क कान शिविर सञ्चालन गरी कुल २०१ जना लाभग्राहीलाई सेवा उपलब्ध गराईएको
- Diabetes, Thyroid तथा Endocrinology Care Center कास्कीको आयोजनामा फापरथुम स्वास्थ्य चौकी र बाङसिङ स्वास्थ्य चौकीमा मधुमेह जोखिम समूहका नागरिकको रक्तचाप, मधुमेह परिक्षण, उचाई तथा तौल मापन कार्यक्रम सञ्चालन गरिएको
- विद्यालयमा विद्यार्थीको पोषण लेखाजोखा तथा स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिएको
- महिला स्वास्थ्य स्वयंसेविकाका लागि मानसिक स्वास्थ्य तथा नसर्ने रोग सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको

- पाठेघरको मुखको क्यान्सर गराउने भाईरस विरुद्धको एच.पि.भी. (HPV) खोप विद्यालयमा अध्ययनरत कक्षा ६ का ८७ छात्रालाई खोप लगाउने कार्य सम्पन्न गरिएको
- स्वास्थ्य संस्था मार्फत ३६ वटा टोलमा उच्च रक्तचाप)Hypertension, मधुमेह )Diabetes),शरीरको उचाइ) तौल अनुपात—BMI), मृगौला सम्बन्धी जोखिम संकेत (लक्षण/इतिहास) नसर्ने रोग पहिचान कार्यक्रममा २०४५ जना ३० वर्ष माथिका सेवाग्राहिको परीक्षण गरिएको
- ६ महिना देखि ५९ महिना सम्मका बालबालिकाको पोषण लेखाजोखा गर्ने अभियानमा ६५५ जना बालबालिकाको पोषण अवस्था पहिचान परिक्षण सम्पन्न गरिएको
- पालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको
- स्वास्थ्य कार्यालयको आयोजना र गाउँपालिकाको समन्वयमा ६ वटै वडाका स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका पदाधिकारीलाई स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन सम्बन्धि अभिमुखिकरण कार्यक्रम गरिएको
- पञ्चमुल प्राथमिक स्वास्थ्य केन्द्रमा स्तन क्यान्सरको प्रारम्भिक पहिचान, आङ्ग खस्ने समस्याको पहिचान र व्यवस्थापन साथै पाठेघरको मुखको क्यान्सर परीक्षण (VIA) सम्बन्धी स्क्रिनिङ कार्यक्रम सञ्चालन गरिएको
- वैकल्पिक चिकित्साको लागि नागरिक आरोग्य सेवा सहित आयुर्वेदीय स्वस्थ जीवनशैली अवलम्वनका लागि नागरिक आरोग्य अभियान सञ्चालन गरिएको
- स्वास्थ्यका नियमित कार्यक्रम गाउँघर क्लिनिक, खोप क्लिनिक र स्वास्थ्य संस्थावाट हालसम्म नयाँ पुरानो सेवाग्राही संख्या २९,०६२ लाई स्वास्थ्य सम्बन्धि सेवा उपलब्ध गरिएको
- स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धिका लागि सहयोगात्मक सुपरिवेक्षणअनुगमन र आवश्यक तालिम तथा अभिमुखिकरण कार्यक्रम समयसमयमा गरिदै आएको साथै मासिक, चौमासिक, वार्षिक स्वास्थ्य क्रियाकलापको समीक्षा गर्दै सुधार कार्ययोजना समेत कार्यान्वयन गर्दै लगिएको
- सुरक्षित आप्रवासन सामी कार्यक्रम अन्तर्गत समुदाय अभिमुखीकरण, परिवार अभिमुखिकरण कार्यक्रम, विद्यालय स्तरिय वित्तिय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा लगायत सवै वडाका जनप्रतिनिधि र टोल विकास संस्थाका पदाधिकारी समेत कुल ३१२८ जना सन्देशमुलक, उत्प्रेरात्मक, उपचारात्मक सेवा उपलब्ध गराईएको
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको सिप विकास अन्तर्गत महिलालाई लक्षित गरी दुना टपरी बनाउने सम्बन्धी तालिम तथा प्रविधि हस्तान्तरण कार्यक्रम संचालन गरिएको
- रिटर्नी स्वयमसेवकबाट नयाँ घरभेट सङख्या २१२८ र पुनः परिवार भेटघाट कार्यक्रम अन्तर्गत १२५१ गरी कुल ३२७८ परिवारका सदस्यलाई वैदेशिक रोजगारका बिभिन्न विषयमा सचेतना र वित्तीय साक्षरता अन्तर्गत २०१३ जना परिवार सदस्यलाई आम्दानी खर्चको हिसावकिताव राख्नको लागि वचत पासवुक वितरण गरिएको

- ❖ राष्ट्रिय सहकारी दिवसको अवसरमा सहकारी संस्था विचमा अन्तर्क्रिया तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको
- ❖ राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार ४५ जनालाई न्यूनतम रोजगारी प्रदान गरिएको
- ❖ वैदेशिक रोजगारीमा जाने २० जनालाई श्रम स्वीकृति प्रदान गरिएको र ४ जनालाई वैदेशिक रोजगार वोर्डवाट पाउने आर्थिक सहायताको लागि सहजीकरण गरिएको
- ❖ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ (१) अन्तर्गत १ वटा र ४७(२) अन्तर्गतका ६ गरी कुल जम्मा ७ वटा उजुरी मध्ये ५ वटा उजुरी फछ्यौट भएका र २ वटा न्यायिक निरुपणको चरणमा रहेका
- ❖ ६० जनालाई ज्येष्ठ नागरिक र १६ जनालाई अपाङ्गता परिचयपत्र वितरण गरिएको
- ❖ बालबचाउ, बाल संरक्षण, वालविकास र वालसहभागिताको अधिकारलाई सुनिश्चित गर्न अनुशिक्षणका कार्यक्रम सञ्चालन गरिएको
- ❖ विद्यालयमा दिवा खाजाको रूपमा प्रयोग हुने पत्रु खानालाई निरूत्साहित गर्न सर्वोत्तम पिठो वनाई खाजाको रूपमा प्रयोग गर्न उत्प्रेरित गरिएको
- ❖ वडास्तरीय वालअधिकार समिति गठन, वालकल्याण अधिकारीको व्यवस्था गरी वालमैत्री गाउँपालिका घोषणा उन्मूखका कार्यक्रम सञ्चालन गरिएको
- ❖ तिजको अवसरमा अन्तरआमा समूह तिज गीत प्रतियोगिता, लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियान र विभिन्न दिवसीय तथा आर्थिक शसक्तिकरणका कार्यक्रम संचालन गरिएको
- ❖ व्यक्तिगत घटना दर्तातर्फ जन्म दर्ता ३७१, विवाह दर्ता २०२, वसाईसराई गरी आउने संख्या २४, जाने संख्या २१९, सम्बन्ध विच्छेद ३०, मृत्युदर्ता १५२ गरी जम्मा ८३२ घटना दर्ता गरिएको
- ❖ बालपोषण भत्ता, जेष्ठ नागरिक अन्य, ६० वर्षमाथिका जेष्ठ नागरिक, अपाङ्ग, एकल महिला र विधवा महिला गरी कुल ३२८९ जनालाई ९ करोड ४५ लाख ७६ हजार ८ सय २३ रूपैया सामाजिक सुरक्षा भत्ता बापत वितरण गरिएको
- ❖ स्याङ्जा जिल्लामा जन्म भई राष्ट्रिय अन्तराष्ट्रिय रूपमा ख्याती प्राप्त कलाकारको उपस्थितिमा ऐतिहासिक आँधीखोला साँस्कृतिक महोत्सव तथा श्रष्टा सम्मान कार्यक्रम सम्पन्न गरिएको ।

आदरणीय सभाध्यक्ष महोदय, सभा सदस्य ज्यूहरू

अब म आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटका उद्देश्य पेश गर्दछु :

- ❖ कृषक तथा युवा लक्षित कार्यक्रम मार्फत आय आर्जन तथा रोजगारी वृद्धि गर्ने,
- ❖ ग्रामिण क्षेत्रमा विकासका पूर्वाधार तयार गरी बसाई सराई नियन्त्रण गर्दै आकर्षक केन्द्रको रूपमा विकास गर्ने,

- ❖ संघीय एवं प्रदेश सरकारले लिएका आर्थिक सामाजिक एवं मानवीय विकासका सुचकाङ्कमा उल्लेख्य वृद्धि गरी गाउँपालिकावासीको जीवनस्तर अभिबृद्धि गर्ने,
- ❖ आर्थिक, सामाजिक रूपमा पिछडिएका वर्गको उत्थान गर्दै गरीबी न्यूनीकरण मार्फत दीगो विकासको लक्ष्य प्राप्त गर्ने,
- ❖ सुशासनलाई प्रबर्द्धन गर्दै सेवा प्रवाहलाई सहज, सरल र पारदर्शी एवं सूचना प्रविधिमैत्री बनाउने,
- ❖ सबै प्रकारका रोग र विपदबाट नागरीकको जीवन रक्षा गर्दै जनजीवनलाई सहज र सुरक्षित बनाउने,
- ❖ पर्यटकीय पुर्वाधार संरचनाको विकास गर्दै रोजगारी सिर्जनाका साथ आयस्तर बढाउने,
- ❖ गाउँसभाबाट पारित नीति तथा कार्यक्रममा प्रस्तुत भएका आयोजना तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने,

उल्लेखित उद्देश्य हासिल गर्नका लागि प्रस्तावित बजेटमा देहाय बमोजिमका क्षेत्रगत प्राथमिकता निर्धारण गरेको छु।

- ❖ शिक्षामा गुणस्तरीयता अभिबृद्धि गरी गाउँपालिकालाई शैक्षिक केन्द्रको रूपमा विकास गर्ने,
- ❖ गुणस्तरीय स्वास्थ्य सेवाको दायरा विस्तार गर्दै आधारभूत, प्राथामिक र उपचारात्मक स्वास्थ्य सेवा प्रदान गर्ने,
- ❖ कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिबृद्धि गरी आय आर्जनको प्रमुख श्रोतको रूपमा विकास गर्दै ग्रामिण अर्थतन्त्रको सबलिकरण गर्ने,
- ❖ सबै घरधुरीमा आधारभूत खानेपानीको पहुँच स्थापित गर्दै स्वच्छ, सफा, खानेपानी आम नागरीकमा पुर्याउने,
- ❖ सडक संजाल विस्तार एवं पालिका भित्रका सडकको स्तरउन्नति गर्दै बाह्रै महिना सडक यातायात संचालन हुने व्यवस्था मिलाउने,
- ❖ गाउँपालिकाको क्षेत्रगत रूपमा आवश्यक पूर्वाधार संरचना निर्माण गरी पूर्वाधार सेवाको पहूँच स्थापित गर्ने,
- ❖ विभिन्न जातजाति, धर्म, संस्कृति, कलाको संरक्षण गर्दै महिला, बालबालिका, ज्येष्ठ नागरीक, अपांग, आदीवासी, जनजाति, दलित पिछडिएको वर्ग लगायत आर्थिक सामाजिक रूपमा कमजोर वर्गको उत्थान गर्दै सामाजिक न्याय र समतामूलक समाज निर्माण गर्ने,
- ❖ संघीयताको कार्यान्वयन, गुणस्तरीय तथा पहुँच युक्त सार्वजनिक सेवा प्रवाह, उत्तरदायी तथा पारदर्शी शासन प्रणाली सुदृढीकरण गरी आँधीखोलाबासी जनताको जीवनस्तर अभिबृद्धि गर्ने।

*आदरणीय सभाध्यक्ष ज्यू, सभासद् ज्यू हरू एवं उपस्थित महानुभावहरू,*

***"कृषि र पर्यटन समुन्नत आँधीखोला गाउँपालिकाको आधार, सेवा विकास सुशासन र सम्बृद्धि नै हाम्रो कार्यभार"*** भन्ने मूल नाराका साथ आँधीखोला गाउँपालिकाको समृद्धिको यात्रालाई अगाडि बढाउने सोच अनुरूप उन्नाईसौं गाउँसभाबाट पारित नीति तथा कार्यक्रम कार्यान्वयनका लागि गाउँ कार्यपालिकाले पारित गरी पेश गरेको आ.व २०८३/०८४ को बजेट तथा कार्यक्रममा भएको अनुमानित आय तथा व्ययको विवरण प्रस्तुत गर्न चाहन्छु।

## आय तर्फ

यो वर्ष खर्च नभई बाँकी रही जिम्मेवारी हस्तान्तरण हुने आर्थिक वर्षको मसान्त पछि नै एकिन हुने भएकोले सोही अनुसार रहने गरी रू. १३ करोड ३२ लाख, आन्तरिक आयतर्फ कर, दस्तुर, सेवा, शुल्क, महसुल, राजश्व वाँडफाँड समेत गरी जम्मा रू. १ करोड २७ लाख, नगद सहभागिता पूँजीगत तथा चालू तर्फको कृषि अनुदान र अन्य कार्यक्रमको गरी रू. २ करोड १० लाख अनुमान गरिएको छ। त्यस्तै संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान बापत रू. ८ करोड २१ लाख, संघीय सरकारको राजस्व बाँडफाडबाट रू. ७ करोड ०९ लाख, सशर्त अनुदान चालू तथा पूँजीगत तर्फ रू. २२ करोड ९७ लाख, संघीय सरकार समपूरक अनुदान रू. १ करोड ७० लाख, संघीय सरकार विशेष अनुदान रू. १ करोड ८० लाख, गण्डकी प्रदेश सरकारको वित्तीय समानीकरण अनुदान १ करोड ९ हजार, गण्डकी प्रदेश सरकारको राजस्व बाँडफाँड रू. ७३ लाख, प्रदेश समपूरक अनुदानबाट रू. ६० लाख, प्रदेश सरकार विशेष अनुदान ४० लाख, सडक बोर्ड रू. २५ लाख, पर्यटन बोर्ड १८ लाख गरी कुल ६१ करोड ६२ लाख हुने अनुमान गरिएको छ।

नेपाल सरकारले तोकेबमोजिम विगत वर्षदेखि नै दिँदै आएको सामाजिक सुरक्षा तर्फको रकम सामाजिक सुरक्षामा आवद्ध लाभग्राही वर्गमा प्रत्यक्ष खर्च हुने भएकोले यस बजेटमा समावेश गरिएको छैन।

## व्यय तर्फ

### चालू खर्च

| | |
|---|---|
| कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च एवम् कार्यक्रम तर्फ | ७ करोड २३ लाख |
| आर्थिक सामाजिक, सांस्कृतिक, सामाजिक, सुशासन, न्याय तथा समानता, लैङ्गिक तथा समावेशिकरण तर्फ | ८ करोड ४२ लाख |

## पूँजीगत खर्च

| | |
|---|---|
| पूँजीगत खर्च तथा पूर्वाधार विकास,निर्माण | १८ करोड ५० लाख |

## सशर्त, समपूरक, विशेष (संघ र प्रदेश चालू पूँजीगत सहित)

| | |
|---|---|
| सशर्त अनुदान (हस्तान्तरित कार्यक्रम) | २७ करोड ४७ लाख |

गरी जम्मा ६१ करोड ६२ लाख

## आर्थिक विकास क्षेत्र

## कृषि विकास कार्यक्रम

बेरोजगार समस्या न्युनिकरणका साथै **"कृषक अनुकुलन परिस्थिति, खेतवारीमा हाम्रो उपस्थिति"** नीति तथा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न कृषि क्षेत्रमा उच्च प्राथमिकताको साथ बजेट विनियोजन गरेको छु।

- कृषि तथा पशुपन्छी विकास कार्यक्रम अन्तर्गत कृषकको आयआर्जनमा वृद्धि गर्ने उद्देश्यले साना सिँचाई, प्लास्टिक टनेल प्रविधि विस्तार, कृषि उपकरण वितरण र गोठ सुधार कार्यक्रम सञ्चालनका लागि कृषक तथा कृषक समूहको लागत साझेदारीमा रू.१ करोड ८० लाख बजेट विनियोजन गरिएको छ।
- कृषकको आयआर्जनमा टेवा पुऱ्याउन **उत्पादनमा आधारित कृषि अनुदान कार्यक्रम** सञ्चालनका लागि रू. **५ लाख** बजेट विनियोजन गरेको छु।
- सामूहिक खेती प्रणालीलाई प्रोत्साहन गरी कृषि उत्पादन तथा व्यवसायिकरणमा टेवा पुऱ्याउन **सामूहिक खेती प्रवर्द्धन कार्यक्रम** सञ्चालनका लागि रू. **२ लाख** बजेट विनियोजन गरेको छु।
- राष्ट्रिय फल सुन्तला उत्पादन क्षेत्र, विस्तार तथा उत्पादकत्व वृद्धि गर्न **सुन्तला बगैंचा सुदृढीकरण तथा बिरूवा वितरण कार्यक्रम** सञ्चालनका लागि रू. **८ लाख** बजेट विनियोजन गरेको छु।
- माटोको उर्वराशक्ति परीक्षण, बाली व्यवस्थापन तथा रोग—किरा नियन्त्रण सेवामा कृषकको पहुँच अभिवृद्धि गर्न **माटो परीक्षण, बाली उपचार शिविर तथा रोग—किरा नियन्त्रण कार्यक्रम** सञ्चालनका लागि रू. **५ लाख** बजेट विनियोजन गरेको छु।
- सुरक्षित तथा दिगो कृषि उत्पादन प्रणालीलाई प्रवर्द्धन गर्न **प्राङ्गारिक कृषि, एकीकृत शत्रुजीव व्यवस्थापन (IPM) तथा कृषक पाठशाला सञ्चालन कार्यक्रम** का लागि रू. **१ लाख** बजेट विनियोजन गरेको छु।

- कृषि बालीमा हुने क्षति न्यूनीकरण गरी कृषकको उत्पादन सुरक्षामा सहयोग पुर्‍याउन **बाँदर नियन्त्रण कार्यक्रम** सञ्चालनका लागि **रू. ५ लाख** बजेट विनियोजन गरेको छु।
- कृषि उपजको भण्डारण तथा बजार व्यवस्थापनलाई प्रभावकारी बनाउन **कोल्ड स्टोर सञ्चालन कार्यक्रम**का लागि **रू. २ लाख** बजेट विनियोजन गरेको छु।
- प्राकृतिक विपद् वा अन्य कारणबाट कृषि तथा पशुपंक्षी क्षेत्रमा हुने क्षति न्यूनीकरण गर्न **विपद् वा राहत/कृषि तथा पशुपंक्षी क्षति न्यूनीकरण कार्यक्रम** सञ्चालन गर्न **रू. २ लाख** बजेट विनियोजन गरेको छु।
- कृषि क्षेत्रको डिजिटलीकरण, सूचना प्रवाह तथा बजार पहुँच विस्तार गर्न **कृषि एप विकास तथा बजार पहुँच कार्यक्रम** का लागि **रू. २ लाख** बजेट विनियोजन गरेको छु।
- बाँझो तथा खाली रहेको निजी जमिनको सदुपयोग गरी व्यवसायिक खेती विस्तार गर्न **भूमि बैंक स्थापना तथा लिज खेती कार्यक्रम** सञ्चालनका लागि **रू. १ लाख** बजेट विनियोजन गरेको छु।
- वातावरणमैत्री कृषि प्रविधिको प्रवर्द्धन गर्न **जैविक, घरेलु तथा वनस्पति विषादी उत्पादन कार्यक्रम** सञ्चालनका लागि **रू. १ लाख** बजेट विनियोजन गरेको छु।
- आलु उत्पादनमा आत्मनिर्भरता तथा व्यवसायिक खेती विस्तार गर्न **बर्खे आलु पकेट विकास कार्यक्रम** सञ्चालनका लागि **रू. ४ लाख** बजेट विनियोजन गरेको छु।
- कृषकको आयवृद्धि तथा बजारमुखी उत्पादनलाई प्रोत्साहन गर्न **बेमौसमी तरकारी खेती कार्यक्रम** सञ्चालनका लागि **रू. ३ लाख** बजेट विनियोजन गरेको छु।
- केरा उत्पादन क्षेत्र वृद्गि गरी आयआर्जन अभिवृद्धि गर्न स्थानिय जातका **केरा खेती विस्तार कार्यक्रम** सञ्चालनका लागि **रू. २ लाख** बजेट विनियोजन गरेको छु।
- उत्कृष्ट कृषकको योगदानको सम्मान तथा अन्य कृषकलाई प्रोत्साहन गर्न **कृषक सम्मान पुरस्कार कार्यक्रम** सञ्चालनका लागि **रू. २ लाख** बजेट विनियोजन गरेको छु।
- पालिकाको परिसरमा रहेको नर्सरीमार्फत हिउँदे तथा बर्खे तरकारीका बिरूवा उत्पादन तथा वितरण कार्यक्रम सञ्चालनका लागि रू. १ लाख बजेट विनियोजन गरेको छु।
- स्थानीय स्तरमा उपलब्ध रैथाने बालीहरू.को संरक्षण, उत्पादन वृद्धि तथा बजार प्रवर्द्धनमा विशेष जोड दिन रैथाने बाली प्रवर्द्धन कार्यक्रमका लागि रू. ७ लाख बजेट विनियोजन गरेको छु।
- किसान सूचिकरण कार्यलाई निरन्तरता दिँदै किसान परिचयपत्रलाई कृषि क्षेत्रमा प्रदान गरिने सेवा, सुविधा तथा सहुलियतसँग आवद्ध गराउन किसान सूचिकरण कार्यक्रम अन्तर्गत रू. १ लाख २० हजार विनियोजन गरेको छु।
- कृषियोग्य जमिनमा सिँचाइ सुविधा विस्तार गर्न साना सिँचाइ कार्यक्रमका लागि रू. ७ लाख बजेट विनियोजन गरेको छु।
- वडा नं १ मा मौरी पकेट कार्यक्रमको लागि रू. ३ लाख बजेट विनियोजन गरेको छु।
- वडा नं ३ मा कृषि विकास कार्यक्रमको लागि रू. ५ लाख बजेट विनियोजन गरेको छु।

- वडा नं ५ मा मौरी घार अनुदान वितरण कार्यक्रमको लागि रू. १ लाख बजेट विनियोजन गरेको छु।
- वडा नं ५ मा कृषक प्रोत्साहन तथा ज्येष्ठ नागरिक सम्मान कार्यक्रमको लागि रू. १ लाख ५० हजार बजेट विनियोजन गरेको छु।
- वडा नं ६ अन्तर्गत मागमा आधारित कृषि सिचाई योजनाको लागि रू. २ लाख बजेट विनियोजन गरेको छु।

**उल्लेखित कार्यक्रम कार्यान्वयनका लागि कृषि विकास अन्तर्गत जम्मा रू. २ करोड ५५ लाख ५० हजार बजेट विनियोजन गरेको छु।**

## पशु सेवा शाखा

- पशुपंक्षीमा देखिने विभिन्न रोगको समयमै उपचार तथा स्वास्थ्य सेवा प्रवाहलाई प्रभावकारी बनाउन **पशुपंक्षीको औषधी खरिद तथा उपचार सेवा कार्यक्रम** सञ्चालनका लागि रू. **५ लाख** बजेट विनियोजन गरेको छु।
- पशुपंक्षीमा लाग्ने रोगको सही पहिचान तथा निदान गर्न **भेटेरिनरी प्रयोगशाला सुदृढीकरण कार्यक्रमका** लागि रू. **१ लाख** बजेट विनियोजन गरेको छु।
- पशुपालक कृषकको घरदैलोमै स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्यले **६ वटा पशु स्वास्थ्य शिविर कार्यक्रम** सञ्चालनका लागि रू. **३ लाख** बजेट विनियोजन गरेको छु।
- आधुनिक पशुपालन प्रविधि तथा व्यवसायिक सीप विकासका लागि **कृषक तालिम तथा क्षमता विकास कार्यक्रम** सञ्चालन गर्न रू. **१ लाख** बजेट विनियोजन गरेको छु।
- पशुजन्य उत्पादन वृद्धि, व्यवसायिक पशुपालन प्रवर्द्धन तथा कृषकको आयआर्जनमा टेवा पुऱ्याउन **उत्पादनमा आधारित अनुदान कार्यक्रम** सञ्चालनका लागि रू. **२० लाख** बजेट विनियोजन गरेको छु।
- पशु आहार व्यवस्थापनमा सुधार तथा घाँस उत्पादन विस्तार गर्न **भुइँ तथा डाले घाँसको बीउ तथा बेर्ना वितरण कार्यक्रम** सञ्चालनका लागि रू. **२ लाख** बजेट विनियोजन गरेको छु।
- पशुको नश्ल सुधार तथा उत्पादकत्व अभिवृद्धि गर्न **कृत्रिम गर्भाधान सेवा कार्यक्रम** सञ्चालनका लागि रू. **२ लाख** बजेट विनियोजन गरेको छु।
- दुग्ध उत्पादनको बजारीकरण तथा सङ्कलन प्रणालीलाई सुदृढ बनाउन **दुग्ध सङ्कलन केन्द्रमा सहयोग कार्यक्रम** सञ्चालनका लागि रू. **३ लाख** बजेट विनियोजन गरेको छु।
- मासु तथा दुग्धजन्य पदार्थको गुणस्तर, स्वच्छता र उपभोक्ता स्वास्थ्य सुरक्षालाई सुनिश्चित गर्न **मासु तथा दुग्धजन्य पदार्थ अनुगमन कार्यक्रम** सञ्चालनका लागि रू. **५० हजार** बजेट विनियोजन गरेको छु।

- पशु व्यवस्थापन तथा सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन **ट्रेभिस (Travis) निर्माणका** लागि **रू. २ लाख** बजेट विनियोजन गरेको छु।
- पशुपालन तथा कृषि क्षेत्रप्रति जनचेतना अभिवृद्धि गर्न **कृषि तथा पशुपंक्षी दिवस मनाउने कार्यक्रम** सञ्चालनका लागि **रू. १ लाख** बजेट विनियोजन गरेको छु।
- उन्नत भैंसी पालन व्यवसायको विस्तार तथा दुग्ध उत्पादन वृद्धि गर्न **भैंसी प्रवर्द्धन कार्यक्रम** सञ्चालनका लागि **रू. ५ लाख** बजेट विनियोजन गरेको छु।
- पशुपंक्षीमा फैलिन सक्ने महामारी तथा आकस्मिक रोगको नियन्त्रण, निगरानी तथा **NAHIS Reporting** प्रणालीलाई प्रभावकारी बनाउन **महामारी/आकस्मिक रोग नियन्त्रण तथा NAHIS रिपोर्टिङ कार्यक्रम** सञ्चालनका लागि **रू. ६० हजार** बजेट विनियोजन गरेको छु।
- मानव तथा पशु स्वास्थ्य सुरक्षालाई ध्यानमा राखी रेविज रोग नियन्त्रणका लागि **कुकुरमा रेविज नियन्त्रण कार्यक्रम** सञ्चालन गर्न **रू. ६० हजार** बजेट विनियोजन गरेको छु।

**उल्लेखित कार्यक्रम कार्यान्वयनका लागि पशु सेवा शाखातर्फ जम्मा रू. ४६ लाख ७० हजार बजेट विनियोजन गरेको छु।**

## *उद्योग, वाणिज्य तथा व्यापार*

स्थानीय स्तरमा आवश्यक वस्तु तथा सेवाको उत्पादन गरी आर्थिक उपार्जन गर्ने उद्देश्यले कृषि तथा वन पैदावारमा आधारित उद्योग, पर्यटन उद्योग, परम्परागत तथा घरेलु उद्योगको विकास र विस्तारको लागि बजेटमा व्यवस्था गरेको छु।

- गुणस्तरहीन एवं म्याद नाघेका बस्तुहरू.को बिक्री वितरणलाई रोक्न प्रभावकारी कदम चालिने छ। एकाधिकार र कृत्रिम अभावको स्थिति रहन नदिन प्रभावकारी नियमन तथा अनुगमनको व्यवस्था गरीनेछ। उपभोक्ता हित संरक्षण तथा बजार अनुगमनको लागि बजेटमा व्यवस्था गरेको छ। खाद्य सुरक्षा कार्यक्रमलाई **लागि रू. २ लाख विनियोजन** गरेको छु।
- वन तथा वनस्पतिजन्य बस्तुको उत्पादनको लागि साना उद्योग स्थापना गर्न बजेटमा व्यवस्था गरेको छु।
- आय आर्जन र बचततर्फ उन्मुख गर्न सीप विकास कार्यक्रमको लागि **रू. ३ लाख ३५ हजार** बजेट विनियोजन गरेको छु।
- तालिम पश्चात् प्रतिस्पर्धामा छनौट भएका व्यवसाय विकास सेवा प्रदायक मार्फत लघु उद्यम विकास मोडेलमा नयाँ उद्यमी सिर्जना गर्न रू. १ लाख २८ हजार बजेट विनियोजन गरेको छु।

- समूहगत रूपमा प्रविधिको हस्तान्तरण गरी प्रविधि हस्तान्तरणबाट गाउँपालिकाको विकासका लागि **रू. ७० हजार बजेट** विनियोजन गरेको छु।

## *पर्यटन*

- गाउँपालिका भित्रका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पूरातात्विक र प्राकृतिक सम्पदाहरू. धार्मिक स्थल, देवालय, शिवालय, गुम्बाहरू.को संरक्षण, प्रवर्धन गरी पर्यटन विकास गर्न **पर्यटन प्रवर्धन तथा महोत्सव संचालनको लागि ५ लाख** बजेट विनियोजन गरेको छु।
- पर्यटन उद्योगलाई प्रोत्साहन गर्दै गाउँपालिका भित्र संचालनमा रहेका होमेस्टे प्रवर्धनको लागि रू. २ लाख बजेटमा व्यवस्था गरेको छु।
- गाउँपालिका भित्रका संभाव्य पर्यटकीय क्षेत्रको जगेर्ना गर्न आन्तरिक पर्यटन प्रवर्धनको लागि **रू. ५ लाख बजेट** विनियोजन गरेको छु।
- वडा नं ४ स्थित श्रवणकुमार समाधीस्थल पर्या-पर्यटन प्रवर्धन कार्यक्रम संचालनको लागि **रू. ५ लाख बजेट** विनियोजन गरेको छु।
- वडा नं १ स्थित म्हाजय भञ्याङ पार्कमा थप पूर्वाधार विकासको लागि नेपाल पर्यटन बोर्डसँगको साझेदारीमा पालिकाको समेत गरी **रू. ३६ लाख बजेट** विनियोजन गरेको छु।
- वडा नं ३ स्थित सेल्फि डाडामा पर्यटकीय घर निर्मानका लागि रू. **१० लाख बजेट** विनियोजन गरेको छु।

## *रोजगार कार्यक्रम*

- उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी प्रत्याभूति, सीप विकास, उद्यमशीलता प्रवर्द्धन र पुनः एकीकरण सम्बन्धी क्रियाकलाप सञ्चालन गर्न गाउँपालिकाको शत प्रतिशत साझेदारी समेत गरी रू. २० लाख ९४ हजार बजेट विनियोजन गरेको छु।
- रोजगार केन्द्रलाई जनशक्ति परिचालन र संचालन खर्चको लागि रू. ७ लाख ५३ हजार बजेट विनियोजन गरेको छु।
- श्रमको सम्मान राष्ट्रको अभियान तथा रोजगार संचाद मञ्चको संचालनका लागि ५० हजार बजेट विनियोजन गरेको छु।
- समुदायस्तरमा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी अभिमुखीकरण तथा सूचना प्रवाह कार्यक्रमका लागि रू. ८८ हजार बजेट विनियोजन गरेको छु।

रोजगार कार्यक्रमको लागि कुल बजेट रू. २९ लाख ८५ हजार बजेट विनियोजन गरिएको छ।

## *वित्तीय साक्षरता तर्फ*

- वित्तीय साक्षरता कार्यक्रम सञ्चालन बचत र बजेट व्यवस्थापनको आधारभूत ज्ञान तथा व्यवहारिक सीप प्रदान गर्न **वित्तीय साक्षरता** र सचेतना लगायतका कार्यक्रमका लागि **रू. ६ लाख ८७ हजार विनियोजन** गरेको छु।
- घरघर र टोलटोलमा वैदेशिक रोजगार सम्बन्धी जनचेतना र परामर्श सेवा कार्यक्रम अन्तर्गत वित्तीय साक्षरता सहजकर्ता, मनोसामाजिक परामर्शकर्ता र रिटनी स्वयंसेबकको लागि रू. **१८ लाख १४ हजार** विनियोजन गरेको छु।

## *सामाजिक क्षेत्र*

### *स्वास्थ्य*

सबै नागरिकको स्वास्थ्य अधिकार सुनिश्चित गर्दै पहुँचयोग्य, प्रभावकारी र गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्ने लक्ष्यसहित स्वास्थ्य पूर्वाधारको विकास, रोगको रोकथाम तथा नियन्त्रण, मातृ तथा शिशु स्वास्थ्य सुधार, स्वस्थ र सक्षम जनशक्ति निर्माण एवं समग्र जनस्वास्थ्य अवस्था सुदृढीकरणका लागि स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखी बजेट विनियोजन गरिएको छ।

- स्वास्थ्य सेवाको प्रभावकारी सञ्चालन तथा गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्न स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीको योगदान,समर्पण र सेवाभावको कदर गर्दै स्वीकृत दरबन्दी बमोजिम कर्मचारीको तलब तथा आवश्यक भत्ता व्यवस्थापनका लागि रू. ३ करोड ११ लाख बजेट विनियोजन गरेको छु।
- मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरूदण्ड पक्षघातका बिरामीलाई औषधि उपचार खर्च बापत मासिक रू. ५ हजारका दरले उपलब्ध गराउन रू. २५ लाख ४० हजार बजेट विनियोजन गरेको छु।
- खोप, नवजात शिशु तथा बालरोग, वहुक्षेत्रीय पोषण, गर्भवती, सुत्केरी, परिवार नियोजन, गर्भपतन तथा प्रजनन स्वास्थ्य, किशोर किशोरीमैत्री सेवा नियमित रूपमा सञ्चालन गर्नका लागि रू. ३७ लाख ५० हजार बजेट विनियोजन गरेको छु।
- स्वास्थ्य संस्थामा औषधी, औषधीजन्य सामग्री तथा भ्याक्सीनको आपुर्ति व्यवस्थापन, मर्मत सम्भार तथा न्युनतम सेवा गुणस्तर मापदण्ड कायम राखि गुणस्तरीय सेवा प्रवाहको लागि रू. ४८ लाख बजेट विनियोजन गरेको छु।

- ज्येष्ठ नागरिकको स्वास्थ्य समस्याको समयमै पहिचान, उपचार, परामर्श तथा नियमित निगरानी सुनिश्चित गर्न श्रवणकुमार ज्येष्ठ नागरिक गाउँघर स्वास्थ्य केन्द्रलाई थप व्यवस्थित र प्रभावकारी बनाउँदै सेवा प्रवाहलाई डिजिटल अभिलेखीकरण तथा रिपोर्टिङ प्रणालीमार्फत सुदृढ गर्न रू. ११ लाख बजेट विनियोजन गरिएको छ।
- स्वास्थ्य जीवनशैली प्रवर्द्धन, नागरिक आरोग्य/आयुर्वेद कार्यक्रम सञ्चालनको लागि रू. १४ लाख ६० हजार बजेट विनियोजन गरेको छु।
- मानसिक स्वास्थ्य प्रवर्धन, आत्महत्या रोकथाम, सरूवा रोग नियन्त्रण तथा नसर्ने रोगको समयमै पहिचान र व्यवस्थापनका लागि स्क्रिनिङ्ग कार्यक्रम सञ्चालन गर्न रू. ११ लाख ५० हजार बजेट विनियोजन गरिएको छ।
- क्षयरोगको रोकथाम, पहिचान, उपचार तथा नियन्त्रणका कार्यलाई प्रभावकारी बनाउँदै क्षयरोग मुक्त पालिका निर्माण गर्ने अभियानलाई सुदृढ गर्न रू. २१ लाख बजेट विनियोजन गरिएको छ।
